म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ | अङ्क:- १९४ | २०८० जेठ २५ गते बिहीबार 8 June 2023, Thursday - | पृष्ठ ८ | मूल्य रु. ५/-




## प्रहरी संगठनमा सुधार गर्छौं: डिआइजी राणा



*पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै डिआइजी राणा ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी महानिरीक्षक (डिआइजी) किरण राणाले संगठनमा कतिपय व्यक्तिहरुबाट गल्ती हुने बताउँदै आफुले संगठन शुद्धीकरण गरेर जाने बताउनुभएको छ । बुधबार कार्यालयमा पत्रकारसँग अन्तरक्रिया कार्यक्रममा पत्रकारले प्रहरीबाट पनि गल्ती हुने गरेको सवालको जवाफमा उहाँले यस्तो बताउँनुभयो ।

प्रदेश प्रहरी कार्यालयले उपत्यका बाहेकका १० जिल्ला हेर्दै आएको छ । कतिपय प्रहरीहरुले गल्ती गरेको एकपटक भन्दा नमान्ने २ जिल्लाका प्रहरी प्रमुखलाई कारबाही गर्ने तयारी रहेको राणाले बताउनुभयो । ट्राफिकको तुलनामा प्रहरी सुधार्नुपर्ने अवस्था रहेको उहाँको भनाइ रहेको छ । प्रहरीको सुरक्षामा सुधार ल्याउन आफुले नयाँ कन्सेप्ट लिएर जिल्लामा स्मार्ट कन्ट्रोल रुम निर्माणमा लागीपरेको बताउँदै चालु आवमा नै निर्माण सम्पन्न गरी सुचारु गर्ने तयारीमा रहेको जानकारी दिनुभयो । आगामी आवको बजेटमा काभ्रे र चितवन जिल्लमा पनि स्मार्ट कन्ट्रोलको रुमको निर्माण गर्ने जसले सुरक्षामा अगाडि बढ्न सहज हुने बताउनुभयो ।

प्रहरीले आफ्नो कार्ययोजना नपरेका कतिपय काम पनि गर्दै आएको उहाँले जोड दिनुभयो । मकवानपुरमा पछिल्लो समय गाँजाको कारोबार, ओसार पसार, खेति अत्यधिक मात्रामा हुनेगरेको विषयमा पत्रकारले राखेको प्रश्नको जवाफमा उहाँले व्यवस्थापनमा लागीपरेको बताउनुभयो । गाँजा व्यवस्थापनमा प्रहरी लागी पर्नुपर्ने तर राजनीतिक दलको पनि प्रभाव पर्ने गरेको उहाँको भनाइ छ । आफुले गाँजा न्युनीकरणका लागि आन्तरिक मन्त्रालयका मन्त्री र मुख्यमन्त्रीसँग छलफल गरेको र व्यवस्थापन गरेर अगाडि बढ्ने प्रतिवद्धता जनाउनुभयो ।

## बागमती प्रदेशमा १५ प्रतिशतले बढ्यो सवारी दुर्घटना




समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा १५ प्रतिशतले सवारी दुर्घटना बढेको छ । गत आर्थिक वर्ष (आव)को साउनदेखि जेठसम्म १ हजार ३८ सवारी दुर्घटना भएकोमा चालु आवको जेठसम्म १ हजार १ सय ९४ सवारी साधन दुर्घटनामा परेका छन् ।

बागमती प्रदेश प्रहरी कार्यालयले बुधबार पत्रकारसँग गरेको अन्तरक्रियाको क्रममा चालु वर्षको प्रगति विवरण सार्वजनिक गर्दै प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मीले चालु आर्थिक वर्षको जेठसम्मको प्रगति विवरणको जानकारी गराउनुभएको थियो ।

सवारी दुर्घटना बढे पनि मृत्युदर भने घटेको छ । दुर्घटनामा गतवर्ष ३ सय ७० जनाको मृत्यु भएको थियो भने चालु आवमा २ सय ६१ जनाको मृत्यु भएको छ । सवारी दुर्घटनामा गतवर्ष ३ हजार ५ सय ८१ जना घइते भएकोमा चालु आवमा २ हजार ५ सय १८ जना घाइते भएका छन् ।

सवारी दुर्घटना बढेता पनि मानिसको मृत्युदर र घाइतेको संख्या घटेको छ । दुर्घटनामा मृत्यु हुने र घाइतेको संख्या घट्नुमा ठूला सवारी कम दुर्घटनामा परेको र साना दुईपाङ्ग्रे सवारी धेरै दुर्घटनामा परेको देखिन्छ ।

तस्करी नियन्त्रणतर्फ प्रहरीले निकै उपलब्धी हासिल गरेको देखिन्छ । गत आवको साउनदेखि जेठ २२ गतेसम्ममा ६० जना तस्कर पक्राउ गरी ६ करोड ५६ लाग ९८ हजार १५८ रुपैयाँ असुली गरेकोमा चालु आवको साउनदेखि जेठ २२ गतेसम्ममा ५७ जना पक्राउ गरी १२ करोड २ लाख २ हजार ८५९ रुपैयाँ असुल गरेको छ । गतवर्षको तुलनामा तस्करी नियन्त्रणतर्फ प्रहरीले ८३ प्रतिशतले वृद्धि गरेको छ ।

ट्राफिक कारवाही र जरिवाना असुलीमा गत आवको साउनदेखि जेठ २२ गतेसम्ममा २ लाख २४ हजार ३०२ सवारी कारवाही गरी २१ करोड ६३ लाख ७१ हजार ५ सय जरिवाना असुल गरेकोमा चालु आवको साउनदेखि जेठ २२ गतेसम्म २ लाख ४९ हजार ६५४ सवारीलाई कारवाही गरी २२ करोड ५१ लाख २२ हजार ५ सय जरिवाना असुल गरेको छ । जरिवाना असुलीमा ४ प्रतिशत वृद्धि भएको छ ।

प्रहरीले गत आवमा लागूऔषध गाँजा ३ हजार ६ सय ८८ केजी, चरेश १९९ केजी, अफिम २६ केजी, खैरो हिरोइन १३७ ग्राम, औषधिजन्य १ लाख ६० हजार ३८८ एम्पुल र ट्याब्लेट तथा १ हजार २२१ बोतल नियन्त्रणमा लिई ४ सय ७८ जना मानिस पक्राउ गरेकोमा चालु आवमा गाँजा ७ हजार ७५ केजी, चरेश १५९ केजी, अफिम १३ केजी, खैरो हिरोइन २५५ ग्राम, औषधिजन्य ३० हजार ४१० एम्पुल र ट्याब्लेट तथा १ हजार १६५ बोतल बरामद गरी ४ सय ९१ जना मानिस पक्राउ परेका छन् ।

प्रहरीले गत आवमा ३२ नाल हातहतियार बरामद गरी २२ जनालाई पक्राउ गरी १९ मुद्धा दर्ता भएकोमा चालु आवमा ३८ नाल हतियार बरामद गरी २२ जना मानिस पक्राउ गरी २० वटा मुद्धा दर्ता भएको छ । यस्तै नदीजन्य दोहन नियन्त्रणमा प्रहरीले चालु आवमा ३८४ सवारीबाट ५६ लाख ७९ हजार ६७२ जरिवाना रकम असुल गरेको छ । यस्तै, चालु आवमा गाँजा २११ विगाहा, अफिम २३२ विगाहा फडानी गरेको छ । अवैध घरेलु तयार पार्ने भट्टी २ हजार १३९, तयारी मदिरा ६१ हजार ३१७ लिटर, कच्चा ३३ हजार ९६१ लिटर मदिरा नष्ट गरेको छ । प्रहरीले १ हजार ४६७ मानिस हराएको निवेदन परेकोमा १ हजार २६५ जना फेला परेकोमा २०२ जना फेला परेका छैनन् ।

चालु आवमा अपराधसम्बन्धी मुद्धामा चार हजार ५४ वटा मुद्धा दर्ता भएका छन् । जसमा कर्तव्य ज्यानमा ३६, सवारी ज्यानमा २०८, ज्यान मार्ने उद्योगमा ६३, लागूऔषधमा ३२२, जबरजस्ती करणीमा २२४, जबरजस्ती करणी उद्योगमा ५९, आत्महत्यामा ७९४, ठगी ५७, चोरी २५९, बहुविवाह ६५, जुवातासमा ३३ र अन्य शीर्षकमा एक हजार ९३४ मुद्धा दर्ता भएको छ ।

## प्लानको सहयोगमा सिडिओ नेपालले मकवानपुरमा बनायो ४५ वटा नमूना कक्षाकोठा



समाज संवाददाता

हेटौँडाः अन्तर्राष्ट्रिय दातृ निकाय प्लान नेपालको सहयोगमा सामुदायिक विकास संस्था (सिडिओ) नेपाल मकवानपुरले मकवानपुर जिल्लामा ४५ वटा नमूना कक्षाकोठा निर्माण गरेको छ । सन् २०२२ को जुलाईदेखि एक वर्षे कार्यक्रमअन्तर्गत मकवानपुरको बागमती, मनहरी र मकवानपुरगढी गाउँपालिका र हेटौँडा उपमहानगरपालिकाका २४ वटा विद्यालयमा २९ वटा नमूना कक्षाकोठा निर्माण गरिएको हो । प्रारम्भिक बालविकास कक्षादेखि २ कक्षासम्मका कक्षाकोठालाई बालमैत्री र आकर्षक बनाउन सहयोग गरिएको सिडिओ नेपाल मकवानपुरका कार्यक्रम संयोजक अर्जुन खड्काले जानकारी दिनुभएको छ ।

नमूना कक्षाकोठामा भुइँ इन्सुलेटर राखेर जुट कार्पेट राखी बच्चाबच्चीका लागि सुरक्षित र न्यानो बनाइन्छ भने आवश्यकताअनुसार चकटीको पनि व्यवस्था मिलाउने गरिएको छ । कक्षाकोठामा विभिन्न रंगका कागजका फुलहरु बनाएर झिलिमिली बनाइन्छ भने बालबालिकाका लागि उपयुक्त टेवल, टिभि पनि राखिदिने गरेको छ । टिभिमा बालबालिकालाई श्रव्यदृश्य सामग्री देखाएर सिक्ने वातावरण बनाउने गरिन्छ । यस्तै कक्षाकोठाका भित्तालाई पुस्तकको पाना जस्तै अक्षर, शब्द लेखेर सिंगार्ने गरिएको छ ।

सिडिओ नेपालले बालमैत्री एवम् आकर्षक कक्षाकोठा निर्माणसँगै शिक्षकलाई क्षमता विकासका लागि तालिमको पनि आयोजना गरेको छ । मकवानपुरगढीको भानु मावि र जालपादेवी माविमा महिनावारी हुँदा आराम गर्ने कक्ष पनि निर्माण गरिएको छ । केही विद्यायमा टिभि, स्पिकर, स्ट्रेचर प्रदान गरिएको कार्यक्रम संयोजक खड्काले जानकारी दिनुभयो । ३, ४ हजार रुपैयाँको अभावमा विद्यालयको भौतिक संरचनाको मर्मत, सम्भार हुन नसकिरहेको अवस्थाका विद्यालयदेखि एक लाख २० हजार रुपैयाँसम्म सहयोग गरेर सिडिओले नमूना कक्षाकोठा तयार पारेको संयोजक खड्काले बताउनुभयो ।

सिडिओ नेपालले मकवानपुरगढीमा १२ वटा विद्यालयमा २९ वटा नमूना कक्षाकोठा निर्माण गरिदिएको छ भने मनहरी गाउँपालिकामा ९ वटा, हेटौँडा उपमहानगरपालिकामा ४ वटा र बागमती गाउँपालिकामा ३ वटा कक्षाकोठा निर्माण गरिदिएको छ । विद्यार्थीमैत्री विद्यालय निर्माण गर्ने क्रममा खेलमैदान मर्मत गर्ने काम पनि भएको छ । बागमती गाउँपालिकाको गीता आधारभूत विद्यालयमा खेलमैदान निर्माणमा मात्रै ८१ हजार रुपैयाँ खर्च भएको कार्यक्रम संयोजक खड्काले बताउनुभयो ।

विद्यालयका कक्षाकोठा आकर्षक र बालमैत्री बनाउँदा विद्यार्थीहरुको सिकाई प्रभावकारी भएको, विद्यार्थीको संख्या बढेको, विद्यालयका ससाना समस्या समाधान भएको सिडिओ नेपालका कार्यकारी निर्देशक जंगबहादुर बिक बताउनुहुन्छ । वडाहुँदै पालिकाको सिफारिसमा विद्यालय छनोट गरी विद्यालयको भौतिक सुधार तथा शिक्षकहरुको क्षमता विकासको कार्य गरिएको उहाँले बताउनुभयो ।

## वारपार गर्न मिल्ने भयो राणाकालीन चुरियामाई सुरुङ मार्ग



काठमाडौंः राजधानी काठमाडौंलाई मकवानपुरको हेटौंडा हुँदै तराई मार्गसम्म जोड्न चन्द्र शमशेरको पालामा निर्माण गरिएको चुरियामाई सुरुङ मार्गबाट वारपार गर्न सकिने भएको छ । दक्षिण एसियाकै पहिलो मानिने यो ऐतिहासिक सुरुङ मार्गको एउटा खण्ड करिब ४० मिटर भत्किएको थियो । त्यसलाई मर्मत गरेर वारपार गर्न सक्ने बनाइएको बागमती प्रदेशको भौतिक पूर्वाधार निर्देशनालयका निर्देशक लोकनाथ रेग्मीले जानकारी दिए ।

'सुरुङ मार्ग खुलाएर वारपार गर्न सक्ने बनाइएको चार दिन जति भयो', निर्देशक रेग्मीले भने, 'अब फिनिसिङको काम बाँकी छ ।' सुरुङ मार्गमा काम जारी रहेकाले सबैलाई प्रवेश अनुमति नदिइएको उनले बताए । यो सुरुङ मार्ग ऐतिहासिक भएकाले सवारी साधन सञ्चालन भन्दा पनि पर्यटकले अवलोकन र पर्यटकीय केन्द्रको रुपमा विकास गर्ने योजना प्रदेश सरकारको रहेको निर्देशनालयका प्रवक्ता हरिप्रसाद ओझा बताउँछन् ।

चुरियामाई सुरुङ विक्रम संवत् १९७४ मै बनेको थियो । नेपालका प्रथम स्नातक इन्जिनियर भनिने ब्रिगेडियर जनरल डिल्लीजंग थापाले ५ सय मिटर लम्बाइको यो सुरुङ मार्ग डिजाइन गरेका थिए । चुरे पर्वतमा बनेको यो सुरुङ मार्ग साढे २ मिटर चौडाइ, ३ मिटर उचाइ र ५ सय मिटर लम्बाइको छ ।

माटो, इँटा, चुना र सुर्की प्रयोग गरी निर्माण गरिएको यो सुरुङ मार्गबारे स्वीस भूगर्भविद् टोनी हेगनले आफ्नो पुस्तक 'दी हिमालयन किङ्डम अफ नेपाल'मा पनि चर्चा गरेका छन् । उनले यसलाई 'एसियाकै पहिलो मानवनिर्मित सुरुङ हुन सक्ने' उल्लेख गरेका छन् । भारतमा पनि नबनेको यस्तो सुरुङ मार्ग नेपालमा देख्दा आफू अचम्मित र खुसी भएको टोनी

...बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# आँखा अस्पताललाई सहयोग

मकवानपुर जिल्लाका मात्र नभई आसपासका अन्य जिल्लाका आँखा रोगीलाई सेवा दिइरहेको छ, हेटौंडा सामुदायिक आँखा अस्पतालले । विगतमा आँखासम्बन्धी सामान्य उपचारसमेत कठिन हुने हेटौंडामा सामुदायिक आँखा अस्पताल स्थापनापछि आँखा परीक्षण तथा उपचार सहज बनेको छ । काठमाडौंस्थित तिलगंगा आँखा प्रतिष्ठानको शाखाको रुपमा स्थापना गरिएको सामुदायिक आँखा अस्पतालको क्रमिक विकास र विस्तारसमेत भइरहेको छ । करिब डेढ दशकअघि स्थापना भएको हेटौंडा सामुदायिक आँखा अस्पतालले मकवानपुरका विभिन्न स्थानीय तहमा सेवा विस्तार गरिरहेको छ । अस्पतालले सिन्धुली, सर्लाही, रौतहट, बारा तथा पर्सा जिल्लाका गाउँबस्तीसम्म आँखा शिविर सञ्चालन गर्दै आएको छ । रोटरी क्लब अफ इन्टरनेशनल र नेपालका रोटरियनहरुले अस्पतालको विकास र विस्तारमा उल्लेख्य सहयोग गरिरहेको अवस्थामा विभिन्न तहका सरकारको पनि चासो देखिएको छ ।

बागमती प्रदेश सरकारले पनि हेटौंडा सामुदायिक आँखा अस्पतालप्रति चासो देखाएको छ । सोमबारमात्र प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले हेटौंडा सामुदायिक आँखा अस्पतालको अवलोकन गरेका छन् । मन्त्री जोशीले अस्पताल भ्रमण गरी अस्पतालको वस्तुस्थितिका बारेमा जानकारी लिएका छन् । सोही क्रममा अस्पताल प्रशासनले प्रदेश सरकारका स्वास्थ्यमन्त्रीसँग अस्पताल विकासका लागि सहयोग गर्न आग्रह गरेको छ । अस्पतालका प्रमुख डा. सुनिल थकाली, संरक्षक सिद्धिलाल श्रेष्ठ र प्रशासन प्रमुख सुधीर श्रेष्ठले प्रदेश सरकारसमक्ष मागपत्र बुझाएका हुन् । अस्पतालले मोतिविन्दुको उपचारमा प्रयोग हुने २५ लाख रुपैयाँ पर्ने बायोमेट्रिक मेशिन उपलब्ध गराइदिन प्रदेश सरकारसँग माग गरेको छ । मोतीबिन्दुको शल्यक्रिया गर्नुअघि लेन्सको पावर नाप्न प्रयोग गरिने बायोम्याट्रिक मेशिन पुरानो भएकोले नयाँ मेशिनका लागि प्रदेश सरकारसँग माग गरिएको हो ।

अस्पतालले नियमित ओपीडी, आकस्मिक उपचार सेवाका साथै शल्यक्रिया गरी आँखाको उपचार गर्दै आएको छ । विभिन्न सामुदायिक तथा सामाजिक संघसंस्थासँगको सहकार्यमा अस्पतालले विभिन्न स्थानमा आँखा जाँच शिविर गर्नुका साथै निःशुल्क मोतिविन्दुको शल्यक्रिया सेवासमेत प्रदान गर्दै आएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालले मकवानपुरका स्थानीय पालिकासँगको सहकार्यमा पालिकामै ग्रामीण आँखा केन्द्र स्थापना गरी आँखाको आधारभूत स्वास्थ्य परीक्षण र उपचार गर्दै आएको छ । गत सातामात्रै मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा ग्रामीण आँखा केन्द्र स्थापना गरिएको छ । यसअघि थाहा नगरपालिका, मनहरी गाउँपालिका, बागमती गाउँपालिका, कैलाश गाउँपालिका ग्रामीण आँखा केन्द्र सञ्चालन भइरहेको छ । बकैया गाउँपालिकामा छिट्टै ग्रामीण आँखा केन्द्र स्थापना गर्ने तयारी भइरहेको छ भने राक्सिराङ, भीमफेदी र मकवानपुरगढीमा पनि ग्रामीण आँखा केन्द्र स्थापनाको पहल भइरहेकाले जिल्लाका सबै पालिकामा आँखा उपचार सेवा विस्तार हुने भएको छ । आँखामा लगाउने लेन्स उत्पादन उद्योग काठमाडौंबाट हेटौंडा-३, बसामाडीमा सार्ने तयारी भइरहेको छ ।

सामुदायिक आँखा अस्पतालले प्रदान गर्दै आएको स्तरीय र सर्वसुलभ उपचार सेवालाई अझ प्रभावकारी बनाउन अस्पतालको थप विकास र विस्तार आवश्यक छ । आँखा उपचारका लागि विश्वनिय मानिएको तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा अस्पतालले आँखा उपचार सेवा प्रदान गरिरहेको छ । न्यून शुल्कमा सहज, व्यवस्थित र प्रभावकारी उपचार सेवा दिइरहेको अस्पतालको विकास र विस्तारमा व्यक्तिगत र संस्थागत सहयोग प्राप्त भइरहेको अवस्थामा प्रदेश सरकारले पनि सक्दो सहयोग गर्नुपर्छ । आँखा अस्पताल जति सुविधासम्पन्न भयो, त्यति उपचार सेवा सहज हुने भएकाले अस्पतालको आवश्यकताअनुसार संघ, प्रदेश तथा स्थानीय सरकारले सहयोग गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय ठिकै रहने समय योग देखिन्छ ।
**वृष** : अनावश्यक चिन्ताले सताउने समय योग छ ।
**मिथुन** : मानसिक असन्तुलनमा कमी आउने समय छ ।
**कर्कट** : शारीरिक थकान र अल्छीपन बढ्ने समय योग छ ।
**सिंह** : धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने छ ।
**कन्या** : पढाइ–लेखाइका कामहरु मध्यमकारक रहलान् ।
**तुला** : व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ ।
**वृश्चिक** : धार्मिक तथा परोपकारजन्य काममा सरिक ।
**धनु** : सामाजिक र परोपकारजन्य काममा सरिक ।
**मकर** : सामाजिक क्रियाकलापमा सरिक भइने छ ।
**कुम्भ** : पद– प्रतिष्ठामा अभिवृद्धि हुने समय योग छ ।
**मीन** : स्वास्थ्यका क्षेत्रमा देखिएका समस्याहरु समाधान ।

# भ्रष्टाचार नियन्त्रणमा जागेको आशा



✍ रत्न प्रजापति

भ्रष्टाचारको समाचार सुन्नु वा पढ्नु नपरेको दिन सायदै होला । रेडियो, टिभी, अखबार आदिमा दिनहुँ भ्रष्टाचारका समाचार हुन्छन् । हुन पनि भ्रष्टाचार यसरी मौलाएको छ कि भ्रष्टाचार गर्न सक्नु पुरुषार्थ हो जस्तो । भ्रष्टाचार गर्न नसक्नेहरू लाछी, नामर्द जस्ता । भ्रष्टाचारीको ठाँटबाँट हेर्दा यस्तै लाग्छ आम मान्छेलाई । भ्रष्टाचारीले पाइरहेको मानसम्मान र इज्जत, भ्रष्टाचारीले पाइरहेको राजनीतिक स्याबासी र संरक्षण, अनि भ्रष्टाचारीले देखाइरहेको उच्च जीवनशैलीले सकेसम्म भ्रष्टाचार पो गर्नुपर्ने रहेछ भन्ने सन्देश प्रवाह भइरहेको महसुस हुन्छ। यही कारणले गर्दा कर्मचारीतन्त्रभित्र भ्रष्टाचार एउटा पुरुषार्थकै रूपमा रहेको छ ।

सरकारी उच्चपदस्थदेखि राजनीतिक दलका सबै तहका नेताहरूमा पनि भ्रष्टाचारप्रति निकै आशक्ति रहँदै आएको छ। नेता र कर्मचारीको साँठगाँठ (नेक्सस) बाट देशमा ठूल्ठूला भ्रष्टाचार हुँदै आएका छन् । नेता र कर्मचारीबीचको साँठगाँठ नभई भ्रष्टाचार हुनै सक्दैन । यो साँठगाँठलाई तोड्ने संयन्त्र बलियो हुने हो भने धेरै हदसम्म नियन्त्रण हुन्छ । यस्तै साँठगाँठको माध्यमबाट अहिले नीतिगत भ्रष्टाचार झनै खतरनाक रोगको रूपमा फैलिएको छ । देखिने र नदेखिने गरी भएका भ्रष्टाचारले नै मुलुकको अर्थतन्त्र जर्जर अवस्थामा पुगेको हो । भ्रष्टाचारको माध्यमबाट घरघरमा थुप्रिएको अथवा विदेशी पुगेको अवैध धनलाई राष्ट्रियकरण गर्न सक्ने हो भने अर्थतन्त्रको संकट तत्काल अन्त्य हुनेछ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रकाशित गर्ने भ्रष्टाचार अवधारणा सूचकांकमा नेपाल धेरै भ्रष्टाचार हुने मुलुकमा पर्दै आएको छ । पछिल्लो पटक प्रकाशित भ्रष्टाचार अवधारणा सूचकांक सर्वेक्षणमा समेटिएका विश्वका १ सय ८० मुलुकमध्ये नेपाल १ सय १० औं स्थानमा परेको छ । वरियताको अग्रस्थानमा रहने मुलुकमा कम भ्रष्टाचार र पुछारमा रहने मुलुकमा बढी भ्रष्टाचार हुन्छ भन्ने तथ्यमा आधारित सूचकांकले नेपाललाई बढी भ्रष्टाचार हुने मुलुकको रूपमा औंल्याएको छ। यसरी प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले नै बढी भ्रष्टाचार हुने मुलुक भनेर औंल्याइर हँदा पनि न भ्रष्टाचारीलाई लाज लागेको छ, न त्यो भ्रष्टाचार नियन्त्रणको जिम्मेवारी बोकेर बसेको सरकार र सरकारी निकायलाई लज्जाबोध भएको छ । यही निर्लज्जताकै कारण मुलुक दिनप्रतिदिन भ्रष्टाचारको आहालमा डुब्दै गएको छ र अर्थतन्त्र जर्जर अवस्थामा पुगेको छ ।

देशको अर्थतन्त्र खाने धमिराको जालो जताततै फैलिइसकेको छ । त्यो जालो अर्थात् त्यो सञ्जाल निकै बलियो बनिसकेको छ । त्यो सञ्जाललाई राजनीतिक नेतृत्वको पनि संरक्षण र आशीर्वाद प्राप्त छ । त्यसैले भ्रष्टाचार नियन्त्रणका नाममा स्थापित राज्यका सबै निकाय निकम्मा साबित भएका छन्, अर्थात् निकम्मा पारिएका छन् । अहिलेसम्म भएका भ्रष्टाचार नियन्त्रणका कामहरु बलियालाई बचाउने र कमजोरलाई फसाउने प्रपञ्चमात्रै सिद्ध भएका छन् । भ्रष्टाचारका अति साना घटनाहरूमा आफ्नो सफलता देखाएर ठूला घटनाहरूलाई लुकाउने प्रयत्न स्वयं भ्रष्टाचार नियन्त्रणको मुख्य जिम्मेवार निकायहरूबाटै भएका छन् । साना माछा पक्रिने र ठूलालाई उम्काउने काम पनि ती निकायबाट भएका छन् ।

भ्रष्टाचार नियन्त्रणका लागि बनेका ऐनकानुनहरु निष्प्रभावी भइसकेका छन् । ऐनकानुनलाई नै चुनौती दिएर भ्रष्टाचारमा लिप्त भएकाहरूलाई न यो समाजले औंलो ठड्याउन सकेको छ, न त राज्यका जिम्मेवार निकायले नै कारबाही गर्न सकेको छ । अब अर्थतन्त्र खाने धमिराको अन्त्य गर्ने अथवा देशलाई भ्रष्टाचारमुक्त बनाउने हो भने स्वयं जनता नै जाग्नुपर्ने आवश्यकता देखिएको छ। जनता नजागी केही हुने अवस्था छैन । नेता, कर्मचारी र सरकारका उच्चपदस्थहरू नै भ्रष्ट बनेका र भ्रष्टहरूको सञ्जाल निर्माण भएकाले भ्रष्टाचार नियन्त्रणको कार्य निष्प्रभावी बनेको हो। एक-एक भ्रष्टहरूलाई नङ्ग्याउने काम स्वयं जनताबाट भएमात्रै भ्रष्टाचार नियन्त्रण सम्भव हुन्छ र देश समृद्धिको यात्रामा अघि बढ्छ । भ्रष्टाचारीलाई नङ्ग्याउने र समाजबाटै अलग्याउने काम जनताले गर्न सके भने मात्रै भ्रष्टाचार गर्ने आँट र भ्रष्टाचारीको मनोबल खस्किन्छ । अनि मात्रै देशमा भ्रष्टाचार क्रमशः कम हुँदै जान्छ ।

भ्रष्टाचारीलाई सहारा र संरक्षण प्रदान गर्न नेताहरू लालायित नै हुन्छन् । किनभने पार्टी चलाउन र चुनाव लड्न त्यस्तै भ्रष्टाचारीको सहयोग चाहिन्छ । भ्रष्टाचारी र राजनीतिक पार्टीका नेताहरू ढुंगा र माटोजस्तै भएका छन् । ढुंगालाई माटोको भर अनि माटोलाई ढुंगाको भर । यही मान्यतामा अडेको छ भ्रष्टाचारको जग । यो मान्यतालाई तोड्न देशको कानुन र कानुन पालना गराउनेहरूमा निष्ठा र इमानदारीको खाँचो टड्कारो देखिएको छ ।

भ्रष्टाचार गरी-गरी अकुत सम्पत्ति कमाउने नेता र कर्मचारी अनि त्यही सम्पत्तिमा मोजमस्ती गर्ने तिनका छोराछोरी । तर, जनताका छोराछोरीले चाहिँ २१ सय रुपैयाँ तिर्न नसक्दा प्रवेशपत्र नै नपाएर १२ कक्षाको परीक्षा दिन नपाएको तोडमा आत्महत्या नै गर्नुपर्ने दर्दनाक अवस्था छ । धादिङको ज्वालामुखी गाउँपालिका-७ चैनपुरका कृष्णबहादुर सार्कीका छोरा जितबहादुर सार्कीले २१ सय तिर्न नसक्दा विद्यालयबाट प्रवेशपत्र पाएनन् । त्यही पीडा खप्न नसकेर उनले वैशाख २५ गते राति विषसेवन गरी आत्महत्या गरे । राज्यबाट असीमित सुविधा भोग गर्ने र भ्रष्टाचार गरीगरी अकुत सम्पत्ति आर्जन गर्ने भ्रष्टाचारीका कारण देश गरिब विद्यार्थीका लागि निःशुल्क शिक्षा प्रदान गर्ने अभियानमा समेत चुकिरहेको अवस्था छ । भ्रष्टाचार कै कारण देश आर्थिक संकटमा परेको छ । अब यस्तो अवस्था रहिरहन दिनु हुन्न ।

एकातिर भ्रष्टाचार नियन्त्रणको लडाइँ सुरु भयो भन्दै हिँड्छन् र अर्कोतिर भ्रष्टाचारमा पोलिएका नेता र कर्मचारीलाई जोगाउने उद्देश्यले भ्रष्टाचार सम्बन्धी अनुसन्धान सामसुम पार्न दौडधूप गर्छन् राजनीतिक नेतृत्व नै । यस्तो द्वैध चरित्रले गर्दा भ्रष्टाचारीको मनोबल गिर्नुको साटो बढिरहेको छ भने भ्रष्टाचार नियन्त्रणविरुद्धका निकाय र अन्य अभियन्ताहरूको मनोबल भने निरन्तर

...बाँकी पृष्ठ ३ मा

# 'लू' कसरी लाग्छ ? कसरी बच्ने ?

पछिल्ला दिनमा गर्मी बढ्दै गइरहेको छ । चर्किंदो घामसँगै बढेको गर्मीमा तातो हावा चल्न सुरु हुने भएकाले तराईमा 'लू' को समस्या बढ्दै गएको छ । सामान्य भाषामा 'लू' लाग्नुलाई गर्मी मौसमको रोग भनेर चिनिन्छ ।

गर्मी र 'लू' बाट बच्न निकै सतर्कता अपनाउनुपर्छ । सामान्य लापरबाही गर्दा 'लू' का कारण मानिसको मृत्यु समेत हुन्छ । नेपालमा 'लू' को असरले प्रति लाखमा दुई जनाको मृत्यु हुने गरेको छ ।

गर्मी मौसममा विशेषगरी वैशाखदेखि भदौसम्म तराईमा उष्ण र शुष्क हावा वहन थाल्छ । पछिल्ला दिनमा तराईका जिल्लामा अत्यधिक गर्मीका कारण जनजीवन प्रभावित बनेको छ। पूर्व, मध्य र पश्चिम तराईका जिल्लामा अधिकतम तापक्रम ४२ डिग्री सेल्सियससम्म पुगेको छ । तातो हावा र 'लू' लाग्न थालेपछि तराई मधेशका विद्यालय बन्द गरिएको छ ।

गर्मी र 'लू' का कारण विशेषगरी बालबालिका तथा ज्येष्ठ नागरिकलाई असर पुऱ्याउने चिकित्सक बताउँछन् । 'लू' लाग्ने कारण, लक्षण र बच्ने उपायका विषयमा त्रिभुवन शिक्षण अस्पतालका वरिष्ठ जनरल फिजिसियन तथा छाती रोग विशेषज्ञ डा. निरज बमसँग गरेको कुराकानीको सम्पादित अंश :



डा. निरज बम

### "लू" कसरी लाग्छ ?

अत्यधिक गर्मीका कारण शरीरबाट धेरै पसिना बग्दछ। जसको कारण शरीरमा नुन र पानीको मात्रामा कमी हुन्छ । शरीरको रगतमा तापमान वृद्धि भएसँगै रक्तसञ्चार प्रक्रिया बढ्छ र शरीरभित्रको पानी पसिनाको माध्यमबाट बाहिर निस्किन्छ।

'लू' लाग्नुको प्रमुख कारण शरीरमा नुन र पानीको मात्रा कमी हुनु हो। अत्यधिक टाउको दुख्ने, वान्ता हुने, भोक नलाग्ने, बारम्बार प्यास लागिरहने, शरीरका मांसपेशी तथा हड्डी दुख्ने, नाडीको गति बढ्नु, रगतको गति पनि तीव्र बढ्ने हुन्छ ।

बिरामीमा छट्पटी र उदासीनताको भाव देखिने, अनुहार रातो हुने, बिरामीको शरीरको तापक्रम १०१ देखि १०४ डिग्री सेल्सियससम्म हुने, हातको हत्केला र खुट्टाको पैताला पोल्ने, श्वासप्रश्वासको प्रक्रिया बढ्दै जाने, कहिलेकाहीं बिरामी अचानक बेहोश भएसँगै केही मानिसको मृत्यु पनि हुन्छ ।

'लू' को कारण अल्पकालीन सँगै दीर्घकालीन असर समेत गर्छ । उच्च रक्तचाप, पक्षघात, श्वासनली सुक्खा हुने, घाँटी खसखस हुने, छालाको रंग गाढा र खुम्चिँदै जाने हुन्छ ।

### 'लू' लागेमा के गर्ने ?

जो-कोहीलाई पनि 'लू' लागेको थाहा पाउनासाथ तत्काल नै अस्पताल लैजानुपर्छ। तत्काल नै अस्पताल पुऱ्याउन सकिएन भने पनि प्राथमिक उपचार दिनुपर्छ । बेहोश भएको व्यक्तिलाई तत्काल चिसो ठाउँ तथा छहारीमा राख्नुपर्छ । यस्तो बेलामा मानिसको हातको नाडी छिटो वा मन्द गतिमा चलेको वा शरीर पहेंलो भएको हुन्छ । जसको कारण मस्तिष्कमा रगत पुग्न नसकेर मानिस बेहोश हुन्छन् ।

यस्तो बेलामा बिरामीको कपडा खोलिदिएर केही समय खुट्टा माथि र टाउकोको भागलाई तल पार्नुपर्छ। जसले मस्तिष्कसम्म रगत पुऱ्याउन मद्दत गर्छ ।

त्यसको साथ-साथै बिरामीको होश आएको अवस्थामा चिसो पानी, कागती र सर्बत पानी समय-समयमा पिइरहनुपर्छ ।

चिसो पानीमा कपडा भिजाएर बिरामीको निधार, हात, खुट्टामा राख्नुपर्छ, साथ-साथै बिरामीको शरीर कपडाले पुछ्ने गर्नुपर्छ। मौसमी फलफूल जस्तै सुन्तला, अंगुर, खर्बुजा र मौसमको रस बिरामीलाई पिउन दिनुपर्छ । 'लू' का बिरामीलाई तरल पदार्थ नै पिउन दिनुपर्छ ।

बिरामीको प्रेसर, नाडीको गतिमा पनि कमि परिवर्तन नभए वा बोल्न गाह्रो भएमा, खुट्टा टेक्नै नसक्ने भएमा अनिवार्य रूपमा नजिकैको स्वास्थ्य संस्थामा लैजानुपर्छ । यस्तो बेलामा मानिसको शरीरमा नुन र पानीको मात्रा कम हुने हुँदा स्लाइन पानी चलाइन्छ ।

### के खाने, के नखाने ?

'लू' बाट बच्नका लागि प्रशस्त मात्रामा चिसो पानी पिउनुपर्छ । त्यसको साथ-साथै बढी झोलपदार्थ भएको खानेकुरा खानुपर्छ। त्यसैगरी, आँप, कागतीको सर्बत, सागपातको सेवन गर्नुपर्छ । बेल, आँप तथा कागतीको सर्बतले शरीरमा पानीको मात्रालाई कायम गरिराख्छ ।

गर्मीको समयमा तारेका तथा चिल्लो-पिरो खानेकुरा खानुहुँदैन । प्रायः हल्का खाना खानुपर्छ। यो समयमा रक्सी सेवन गर्नै हुँदैन। रक्सी सेवन गर्ने व्यक्तिमा जलवियोजन भइरहेको हुन्छ । त्यसको साथ-साथै घाममा हिंड्दा थप शरीरबाट पसिना जाँदा त्यसले शरीरका तन्तु समेत सुन्निँदै जान्छन्। मदिरापान गर्ने मानिसलाई 'लू' लागेमा आईसीयू वा भेन्टिलेटरमा समेत राखेर उपचार गर्नुपर्छ । गर्मी छ भनेर चिसो बियर खाने व्यक्ति त तत्काल बेहोसै हुनसक्छन् ।

### 'लू' बाट बच्ने उपाय र ध्यान दिनुपर्ने कुरा !

घाममा धेरै ननिस्कनु नै उत्तम उपाय हो । बिहान १० देखि ३ बजेसम्म मानिसलाई बढी असर गर्छ। यदि निस्कनै पर्ने छ भने पर्याप्त मात्रामा पानी पिएर निस्किनुपर्छ । छाता ओढेर र शरीरमा पूरै सुतीको कपडा लगाएर मात्र निस्किनुपर्छ ।

यस्तै गरी धेरै पसिना आएमा जीवनजल पिउने, चिसो पानीले नुहाउने, खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने, चिनीको मात्रा बढी भएको झोल पदार्थ बढी नपिउने, चिया, कफी, सोडा जस्ता पेयपदार्थ पिउनुहुँदैन ।

गर्मी मौसममा दीर्घरोग वा ज्येष्ठ नागरिकलाई विशेष ख्याल पुऱ्याउनुपर्छ । त्यसैले पनि हरेक सानोभन्दा सानो कुरामा ध्यान दिनुपर्छ ।

यस्तो बेलामा एसी वा पंखामा बस्नुभएको छ भने एकैपटक अत्यधिक घाममा निस्किनुहुँदैन । एसीमा रहँदा रक्तनलीहरु संकुचित भइरहेकाले चर्को घाममा अचानक जाँदा शरीरको तापमानमा परिवर्तन हुन्छ। जसले गर्दा रक्तनली फैलिने र ब्लड प्रेसर ह्वात्तै बढ्छ। यस्तो अवस्थामा केही समयका लागि कुनै शीतल ठाउँमा बसेर शरीरको तापमानलाई सामान्य बनाउनुपर्छ ।

गर्मी मौसममा काँक्रोको सेवन गर्नुपर्छ । जसबाट शीतलता प्राप्त गर्न सकिन्छ । कसेसम्म घाममा खाली पेट निस्कनुहुँदैन। धेरैभन्दा धेरै पानी पिउनुपर्छ। खाना खाँदा पनि सकेसम्म प्याज, सलाद बढी खानुपर्छ। *(स्रोतः अनलाईनखबर)*

# 'दलित महिलाहरु एक ठाउँमा आयौं'

जेठ १७ र १८ गते दलित महिला संघ (फेडो) को बागमती प्रदेश सम्मेलन हेटौंडामा भएको थियो । प्रदेशका १३ वटै जिल्लाबाट दलित महिला, दलित समुदायको हकहितको पक्षका अभियन्ता, दलित समुदायबाट स्थानीय, प्रदेश र संघीय तीनै तहमा निर्वाचित प्रतिनिधिगायतको सहभागिता रहेको सम्मेलनले १७ बुँदे घोषणापत्र समेत जारी गरेको छ । दलित महिलाको अवस्था, हालसम्मका उपलब्धी र भावी रणनीतिका विषयमा दलित महिला संघकी राष्ट्रिय अध्यक्ष कला स्वर्णकार सँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंशः



कला स्वर्णकार, राष्ट्रिय अध्यक्ष
दलित महिला संघ

**समाजः तपाईहरुले दलित महिला संघको प्रदेश सम्मेलन गर्नु भयो । के उद्देश्यले सम्मेलन गर्नु भयो ?**

**स्वर्णकारः** बागमती प्रदेशका १३ वटै जिल्लाका दलित महिला, केहि सामाजिक अभियन्ता र जनप्रतिनिधिको सहभागितामा सम्मेलनमा छलफल गरियो । हाम्रो अहिलेको अवस्था के छ र त्यसलाई यो भन्दा अझ बलियो कसरी बनाउने अथवा हाम्रो अझै अधिकार कसरी सुनिश्चित गर्ने भन्ने उद्देश्यले यो कार्यक्रम हामीले आयोजना गरेका हौं ।

**समाजः दलित महिलाहरुको अहिलेको अवस्थालाई कसरी व्याख्या गर्नुभयो ? तपाईहरुको अवस्था कस्तो छ भनेर कसरी पहिचान गर्नु भयो ?**

**स्वर्णकारः** अहिले दलित महिलाहरुको अवस्था पहिलेको भन्दा राम्रो रहेको विश्लेषण गरेका छौं । पहिले राजनीतिक सहभागिता शून्य जस्तै थियो । अहिले स्थानीय तहमा, प्रदेशमा, संघीय तहमा केहि दलित महिलाको प्रतिनिधित्व भएको छ । वडामा चै दुईवटा महिला मध्ये एउटा दलित भनेको भएर आएको हो । जुन चै एउटा कार्यकारी पद हुन्छ त्यसमा चै अझै दलित महिलाहरु आउन सकेका छैनन् । वडा सदस्यमै सीमित राखिएको छ । प्रदेशमा, संघमा दलित महिलाको प्रतिनिधित्वलाई हेर्ने हो भने २०७४ सालको भन्दा केही घटेको छ ।

**समाजः के कारणले घटेको छ जस्तो लाग्छ ? तपाईहरुको सहभागिता बढाउन के गर्न आवश्यक देख्नुहुन्छ ?**

**स्वर्णकारः** अहिलेको स्थानीय तहको निर्वाचनमा एक त गठबन्धनले गर्दा पनि दलित महिलाको प्रतिनिधित्व घटेको छ । अर्को कुरा दलित महिलाहरुलाई कार्यकारी पदहरु दिन दलित महिलासँग चुनावको बेलामा खर्च गर्न पैसा हुँदैन र दलित महिला सक्षम पनि छैनन् भन्ने कुराले पनि कार्यकारी पदमा दलित महिलाले पाउने अवस्था कम भएको जस्तो लाग्छ ।

**समाजः अहिले दलित महिलाहरुको जुन सहभागिता छ त्यो सहभागिता कतिको प्रभावकारी र उपलब्धिमूलक भएको पाउनु भएको छ ?**

**स्वर्णकारः** त्यो सहभागिता उपलब्धिमूलक त छ तर पनि उहाँहरुले आफूले पाएको त्यो भूमिकाअनुसार जिम्मेवारी नपाएको, आफूले गर्न चाहेको काम पनि गर्न नपाएको र केहि विभेद गरिन्छ, जानकारी दिइदैन, सूचना दिइदैन भन्ने जस्ता गुनासो सुनिन्छ ।

**समाजः दलित महिलाको बागमती प्रदेश सम्मेलनको उपलब्धि के रह्यो ?**

**स्वर्णकारः** यसको उपलब्धि चै हामी १३ वटै जिल्लाको दलित महिलाहरु एक ठाउँमा आयौं । अब चै हामी संगठित भएर जानु पर्छ । हामीले पाएको संविधानले ग्यारेन्टी गरेको जुन उपलब्धिहरु छन् त्यो उपलब्धिहरु गुम्न दिनु हुँदैन । हामीले गर्नुपर्ने प्रतिनिधित्व होस् वा हाम्रो सवालहरु होस् अथवा अधिकार होस हामीले यस्तो गर्नु पर्छ त्यसको लागि संगठित हुनु पर्छ । हामी हरेक ठाउँमा अधिकारको लागि बोल्नु पर्छ भन्ने कुरा उपलब्धि भएको छ । पालिकाका कार्यपालिकाका जनप्रतिनिधिहरु आउनु भएको छ । उहाँहरु फर्कन जाने बेला धेरै खुराकहरु लिएर गएको जस्तो अनि जातीय मुद्दा हो यो मुद्दाका लागि हामी संगठित हुनु पर्छ । पार्टी भन्दा पनि हामी दलित समुदायलाई गरिएको विभेदविरुद्ध हामी एकीकृत हुनु पर्छ । आफ्नो अधिकारका लागि आफ्नो ठाउँबाट हामी लाग्नु पर्छ भन्ने कुरा बुझेर फर्कनु भएको छ । यो नै महत्वपूर्ण उपलब्धी हो भन्ने लाग्छ ।

## वारपार गर्न...

हेगनले उल्लेख गरेका छन् ।

**राणाकालमा रक्सौलबाट बाराको अमलेखगञ्जसम्म रेल चल्थ्यो, त्यहाँबाट मकवानपुरको भीमफेदीसम्म बनाइएको सडकमार्गमा चुरे पहाड छिचोल्दै हेटौंडा छिर्न सजिलो थिएन । त्यसैले पहाडमा घुमाउरो बाटो बनाउनुको साटो सीधा सुरुङ मार्ग खनेर गाडी चलाइएको थियो । यही सुरुङ मार्ग हुँदै चल्ने गाडीहरुले मकवानपुरको भीमफेदीसम्म समान ल्याउँथे । काठमाडौंसम्म जोडिने सडक नभएकाले भीमफेदीबाट भरिया लगाएर काठमाडौंसम्म सामान भित्र्याइन्थ्यो ।**

**प्रजातन्त्र स्थापनापछि त्रिभुवन राजपथ बन्यो । त्यसैक्रममा यो सुरुङ मार्गको बीच खण्डमा विष्फोट गराएर भत्काएर त्यसैमाथि सडक बनाइएको थियो । त्रिभुवन राजपथको बक्स कटिङ रोडदेखि दक्षिणतिरको भागमा धसिएको स्थान मर्मत गरेर सुरुङ मार्ग खुलाइएको भौतिक पूर्वाधार निर्देशनालयका प्रवक्ता हरिप्रसाद ओझाले जानकारी दिए ।**

**ओझाका अनुसार सुरुङ मार्गको २० मिटर जति भाग धसिएको अनुमान गरी मर्मतका लागि डीपीआर निर्माण गरिएको थियो । तर मर्मत सुरु गरेपछि ४० मिटर भाग धसिएको पाइएको थियो । यसैगरी सुरुमा १९८ मिटर लम्बाइमा पुनर्निर्माण गर्नुपर्ने पूर्वानुमान भए पनि मर्मत गर्दै जाँदा २२२ मिटर लम्बाइमा पुनर्निर्माण गर्नुपरेको उनले बताए । 'सुरुङ साँघुरो भएकाले र मेशिन पनि लैजान नमिल्ने भएकाले त्यहाँको काम गर्न हामीलाई ५ महिना लाग्यो', ओझाले भने ।**

**३ करोड ३६ लाख रुपैयाँको लागतमा माउन्टेन इन्फ्रा कन्स्ट्रक्सनले २०७८ साल वैशाखमा सुरुङ मार्ग पुनर्निर्माणको ठेक्का पाएको थियो । सुरुमा एक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भए पनि कोरोना महामारी, प्राविधिक कठिनाइलगायतका कारण दुई पटक म्याद थपिएको थियो । पछिल्लो पटक थपिएको म्यादअनुसार आगामी असार मसान्तभित्र काम सम्पन्न गर्ने लक्ष्य रहेको प्रवक्ता ओझाले जानकारी दिए । सबै काम सम्पन्न गरेपछि हेटौंडा उपमहानगरपालिकालाई जिम्मा लगाउने निर्देशनालयले जनाएको छ । (स्रोतः अनलाइनखबर)**

## भ्रष्टाचार नियन्त्रणमा...

खस्किरहेको छ ।

भ्रष्टाचारीको कुनै जात, धर्म, लिंग हुँदैन । साँच्चै भन्ने हो भने भ्रष्टाचारीको राष्ट्रियता पनि हुँदैन । नागरिकता बोकेर राष्ट्रियता बिर्सिने भ्रष्टाचारी देशको अर्थतन्त्र खाने धमिरा हुन् । धमिराको बिगबिगी रहुन्जेल अथवा यस्ता धमिराको अन्त्य नभएसम्म देश समृद्धियात्रामा अघि बढ्न सक्दैन । यद्यपि भ्रष्टाचार नियन्त्रणको प्रयास अझै पनि सशक्त बन्न सकेको छैन । भ्रष्टाचारका झिनामसिना घटनाहरुमै धेरै शक्ति र बल खेर गइरहेको छ । भ्रष्टाचारमा साना माछा भनिएकाहरूलाई मात्रै भयभीत तुल्याइँदै आएकोमा पछिल्लो पटक नक्कली भुटानी शरणार्थी प्रकरणमा ठूला माछा पनि समातिन थालेपछि चाहिँ जनतामा केही आशा जागेको छ । तर भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै नेपाली नागरिकबाट लाखौं रकम असुल्ने संगठित गिरोहविरुद्ध प्रहरीको अनुसन्धान गहिरिँदै गर्दा राजनीति र सरकारका शीर्षनेतृत्व नै अनुसन्धानलाई प्रभावित पार्न उद्यत हुँदा जनताका मनमा आशंका र निराशा पनि बढेको छ ।

मुलुकका प्रमुख राजनीतिक दलहरूले भ्रष्टाचार नियन्त्रणको सवालमा आफ्नो जिम्मेवारी महसुस नगरेसम्म र तदनुरूप काम नगरेसम्म अरू जतिसुकै र जस्तोसुकै निकायले भ्रष्टाचार नियन्त्रणको प्रयास गरे पनि त्यो सफल हुन सक्दैन । राजनीतिक दलहरूको जिम्मेवारीपूर्ण साथ र सहयोग नभएसम्म भ्रष्टाचार नियन्त्रण सम्भव हुने सक्दैन । मुलुकमा हजुरिया पुँजीवादले प्रश्रय पाइर हेको वर्तमान अवस्थामा कुनै व्यापारिक घरानासँग राजनीतिक दलको सम्बन्ध र निकटताकै आधारमा सार्वजनिक सम्पत्तिको उपभोगमा छुट दिने र नीतिगत भ्रष्टाचारलाई प्रश्रय दिने प्रवृत्तिले भ्रष्टाचारको जालो तल्लोदेखि माथिल्लो र माथिल्लोदेखि तल्लो निकायसम्मै दरोसँग फैलिएको छ ।

जसलाई जसरी पनि कमाउनै परेको छ र कमाएकै छन् । राज्यले तोकेको तलबसुविधा खाने कर्मचारी र कुनै व्यापार-व्यवसाय नभएका नेताहरूको उच्च जीवनशैली र उनीहरूले जोडेको अकुत सम्पत्तिलाई हेर्दा त्यो कसरी सम्भव भयो भन्ने प्रश्न जोकोहीको मनमा उठ्छ । भ्रष्टाचार नगरी सम्भव नै हुँदैन त्यो जीवनशैली र त्यो अकुत सम्पत्ति । उचित अथवा अनुचित जस्तोसुकै कर्म गरेर पनि कमाउने ध्येयले गर्दा भ्रष्टाचार सँगसँगै सामाजिक अपराध पनि बढेको छ ।

पछिल्लो पटक नक्कली भुटानी शरणार्थी प्रकरणले राजनीतिक नेतृत्व तहबाटै हुने गरेका भ्रष्टाचारका धेरैवटा घटनाको पर्दाफास भएको छ । उक्त घटनामा पूर्वगृहमन्त्रीदेखि पूर्वगृहसचिवसम्म र अन्य हाइप्रोफाइलका नेता तथा कर्मचारीको संलग्नताले अन्य ठूला भ्रष्टाचारमा पनि हाइप्रोफाइलकै नेताहरूको संरक्षण र आशीर्वाद प्राप्त भएको संकेत गरेको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमै पनि गम्भीर आरोप लगाइएका अभियुक्तहरूलाई प्रमाण कमजोर बनाएर उन्मुक्ति दिने प्रपञ्च शीर्षनेतृत्व तहबाटै भएको छ । यसो हुँदा अझै पनि भ्रष्टाचारका आरोपीले उन्मुक्ति पाउँछन् भन्ने आशंका बढेको छ । यद्यपि अहिलेको प्रयासले आमजनतामा आशा भने जगाएको छ ।

बढ्दै गरेको भ्रष्टाचार, बेथिति र निराशाले मुलुकको भविष्य अन्धकारतर्फ धकेलिँदै छ । भ्रष्टाचार भ्रष्टाचार मात्रै होइन, राष्ट्रघात पनि हो । यसको असर जनताको दैनिकीदेखि राष्ट्रिय अर्थतन्त्रसम्म गम्भीर रूपमा पर्छ । त्यसैले राष्ट्रघात दण्डनीय छ र प्रत्येक राष्ट्रघातीलाई दण्डित गर्नैपर्छ । नागरिकता बोकेर राष्ट्रियता बिर्सिनेहरूका कारण भ्रष्टाचार मौलाइरहेको छ । हाइप्रोफाइलकै आडमा भ्रष्टाचारमा लिप्तहरूलाई कारबाही गर्ने वर्तमान गृहमन्त्रीको हिम्मतलाई सलाम गर्दै यो हिम्मत नटुटोस् भन्ने कामना गर्नु सान्दर्भिक हुनेछ । साथै, भ्रष्टाचार विरुद्धको आवाज अझै बुलन्द हुनु पनि उत्तिकै जरुरी छ । भ्रष्टाचार नियन्त्रणका लागि भएको पछिल्लो प्रयासले आमजनतामा ठूलो आशा जगाएको छ । यो आशा निराशामा परिणत हुनु हुँदैन । यसका लागि भ्रष्टाचार नियन्त्रणको प्रयासमा जनताको साथ र सहयोग पनि आवश्यक हुन्छ । *(स्रोतः कारोबार दैनिक)*

# सडकको आधा बजेट प्रधानमन्त्री, अर्थमन्त्री र देउवाको जिल्लामा

काठमाडौंः प्रभावशाली नेताहरुको जिल्ला र निर्वाचन क्षेत्रका सडकमा बजेट छर्ने एउटा कार्यक्रम छ, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम । आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयअन्तर्गत् यो कार्यक्रम राखेर बजेट छुट्याइएको छ भने प्रदेशमा दिएको सशर्त अनुदानमा पनि यो कार्यक्रम घुसाइएको छ ।

यो कार्यक्रमका लागि भौतिक पूर्वाधार मन्त्रालयमा मात्र ५ अर्ब २० करोड ५७ लाख रुपैयाँ छुट्याइएको छ । तर यो रकमको झण्डै आधा रकम तीन नेता प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चुनाव क्षेत्र भएको गोरखा, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेलधुरा र अर्थमन्त्री डा. प्रकाशशरण महतको गृहजिल्ला नुवाकोट गरी तीन जिल्लाका सडक आयोजनामा पारिएको छ ।

मन्त्रालय स्रोतबाट प्राप्त विवरणअनुसार वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम शीर्षकअन्तर्गत् ५ अर्बको कूल रकममध्ये तीन वटा जिल्लामा २३२ करोड र बाँकी ७४ जिल्लामा २६८ करोड रकम छुट्याइएको छ । सबभन्दा बढी रकम कांग्रेस सभापति देउवाको गृहजिल्ला डडेलधुराको सडकहरुमा एक अर्ब १० करोड रुपैयाँ बजेट परेको छ ।

वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रममा डडेलधुराका ८ वटा आयोजना छनोटमा परेका छन् । र, एउटै योजनामा १० करोडदेखि ३० करोडसम्म रकम छुट्याइएको छ । डडेलधुराको दैजी लिप्ना जोगबुडा सडकका लागि ३० करोड छुट्याएका अर्थमन्त्री डा. महतले भत्काडा बडाल रेल सडक डडेलधुराका लागि १५ करोड र जोगबुडा सिर्स रुप्कलाल सडकका लागि १० करोड रकम छुट्याएको पाइएको छ ।

अर्थमन्त्री डा. महतले आफ्नो गृहजिल्ला नुवाकोटका २१ वटा सडकलाई वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमअन्तर्गत् राखेर ६७ करोड रकम विनियोजन गरेका छन् । २१ वटै योजनामा एक करोडभन्दा कम रकम छुट्याइएको छैन । तीन करोड, पाँच करोड, सात करोडका योजना छन् । तीनपिप्ले कुमारी फाँटपौवा बेलकोटगढी सडकका लागि १० करोड छुट्याइएको छ । ठाँटीभञ्ज्याङ पुरानीडाँडा, बाहुन डाँडा कार्यालय हुँदै गोल्फु भञ्ज्याङ सडकका लागि १० करोड रुपैयाँ छुट्याइएको छ ।

प्रधानमन्त्री प्रचण्डको निर्वाचन क्षेत्रसमेत भएको जिल्ला गोरखामा वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमअन्तर्गत् सबभन्दा धेरै ४१ वटा योजना पारिएको छ । ३०-४० लाखदेखि ५ करोडसम्मका गरी ४१ वटा योजनाका लागि ५५ करोड रकम छुट्याइएको छ । बुटार मकैसिङ साँघीखोला सडकका लागि ३० लाख, नाम्जुङ घैरुङ फुजेल सडक कालोपत्रे शहीद लखन सडकका लागि ४० लाख छुट्याइएको छ । यसमा शहरी विकास मन्त्रालय र प्रदेशमा सशर्त अनुदानअन्तर्गत् गएका बजेट जोड्न बाँकी छ ।

सडक विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षमा २४ लाखदेखि ८ करोडसम्मका करिब ८ सय आयोजना छन् । कुनै पनि आयोजनामा डीपीआर बनाएर योजनाबद्ध काम भएको छैन । जति बजेट पर्छ, त्यो खर्च गर्ने काममात्र हुने गरेको छ । 'मन्त्रालयको नेतृत्वमा बस्ने, पहुँचवाला नेता र सांसदको क्षेत्रका सडकमा बजेट छर्ने कार्यक्रम हो', एक अधिकारी भन्छन्, दिगो हुने कुरै भएन ।'

चालु आर्थिक वर्षमा जनता समाजवादी पार्टी (जसपा)का रेणु यादव भौतिक योजनामन्त्री थिइन्, उनले आफूसँगै अध्यक्ष उपेन्द्र यादवको निर्वाचन क्षेत्र पर्ने सप्तरीका धेरै सडक राखिन् । केपी शर्मा ओली नेतृत्वको सरकारका पालामा भौतिक पूर्वाधारमन्त्री रहेका बसन्त नेम्वाङले पाँचथरका साथै झापामा बढी बजेट छरेका थिए ।

यो पटक बजेट छर्ने क्रम झन बढेको छ । अर्थ मन्त्रालयका अधिकारीहरुका अनुसार नयाँ र पुराना गरी आगामी आर्थिक वर्षमा करिब एक हजार ८ सय सडक आयोजनामा बजेट परेको छ । सडक विभागले ४ हजार ५ सय सडक आयोजनाको प्रारम्भिक लिस्ट बनाएको थियो । त्यसमध्ये भौतिक पूर्वाधार मन्त्रालयले करिब एक हजार ६ सय सडक आयोजना छनोट गरेर अर्थ मन्त्रालय पठायो । मन्त्रालयले थपथप गरेर चालु ८ सय र नयाँ करिब २ सय सडक आयोजना राख्यो ।

यस्तै, शहरी विकासअन्तर्गत् पनि वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम राखिएको छ भने केही सडक आयोजना प्रदेशहरुमा गएको सशर्त अनुदानमा राखिएको छ । सम्बन्धित मन्त्रालयबाट आएको लिस्टमा अर्थ मन्त्रालयले छानिछानी राख्ने र काट्ने क्रममा अर्थमन्त्रीले मनोमानी गरेका हुन् । भौतिक पूर्वाधार मन्त्रालयका एक अधिकारीका अनुसार डडेलधुरा, नुवाकोट र गोरखाका सडक आयोजना र त्यसका रकमहरु अर्थ मन्त्रालयबाटै आफूखुशी थपिएको हो । 'स्रोतको दबाव छ भनेपछि हामीले सिलिङभित्र रहेर देशभर सन्तुलितरुपमा वितरण गर्ने गरी प्रस्ताव गरेका थियौं', ती अधिकारी भन्छन्, 'तर अर्थ मन्त्रालयले केही नेताको क्षेत्रमा आफूखुसी कार्यक्रम थप गरेको रहेछ ।'

बुधबार संसदमा पनि यसबारे प्रश्न उठेको छ । बजेटमाथि संसदमा भएको छलफलमा एकीकृत समाजवादीका सांसद अम्मरबहादुर थापाले तीन जिल्लामा आधा र बाँकी ७४ जिल्लामा आधा बजेट विनियोजन हुनु न्यायसंगत नभएको बताए । संघीयता अगाडि पनि नेपालमा धनुषा, काठमाडौंलगायतका केही महत्वपूर्ण जिल्लाहरु वा प्रभावशाली व्यक्तिहरुको जिल्लामा बढी बजेट जाने गरेको उल्लेख गर्दै उनले गणतन्त्रमा पनि यस्तो हुनु गलत भएको बताए । 'संघीयता अगाडि पनि त्यस्तै हुन्थ्यो । प्रबुद्ध व्यक्तिहरु भएका ठाउँमा मात्रै बजेट जान्थ्यो र त्यो बजेटले अन्यत्र छुँदैनथ्यो । त्यसैले संघीयता चाहिएको हो', उनले अघि भने, 'समानुपातिक वितरण होस् भनेर हामी संघीयताको पक्षमा लागेका हौं ।' (स्रोतः अनलाइनखबर)

हाम्रो सुमो सेवा-२ को
काउन्टर सरेको जरुरी सूचना



हेटौंडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौंडा-४, अजरअमररोडबाट हेटौंडा-१०, मेनरोड कपुर कम्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ । नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाईंको सेवामा हामी सदैव समर्पित रहने प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइनः ९८५५०-७२२८८**

स्वादिष्ट नेवारी खाजा




अब
होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

# हेटौंडा–१५ मेयर कपको फाइनलमा



समाज संवाददाता

हेटौंडाः हेटौंडा–१५ तेस्रो संस्करणको हेटौंडा मेयर कप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । बुधबार हेटौंडा–५ स्थित पिप्लेक्याम्पा रंगशालामा भएको पहिलो सेमिफाइनल खेलमा १४ नम्बर वडालाई सडेनडेथमा १–० गोलअन्तरले हराउँदै १५ नम्बर वडा फाइनलमा प्रवेश गरेको हो ।

निर्धारित खेल समय १–१ गोलको बराबरीपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो । ट्राइब्रेकरमा पनि ५–५ गोलको बराबरी भएपछि खेलको नतिजा सडेनडेथबाट लिइएको हो । निर्धारित खेल समयमा १४ नम्बरका तर्फबाट उमेश गोङ्बा र १५ नम्बरको तर्फबाट सन्तबहादुर घलेले एक–एक गोल गरेका थिए । दुबै गोल खेलको हाफपछि भएको थियो । खेलको म्यान अफ द म्याच १४ नम्बरका गोलरक्षक अस्मिर गोङ्बा घोषित भए ।

जीतसँगै १५ नम्बरले अब शनिबार हुने फाइनल खेलमा उपाधिका लागि ११ नम्बर र १३ नम्बर वडाबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ । दोस्रो सेमिफाइनलको खेल आज बिहीबार हुनेछ । प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछ । सेमिफाइनल प्रवेश गर्ने दुई टिमले ५०–५० हजार रुपैयाँ प्राप्त गर्नेछ । विधागत उत्कृष्ट खेलाडीहरुले ५–५ हजार रुपैयाँ प्राप्त गर्ने जनाइएको छ ।

# गाडीको ठक्करबाट तामाङको मृत्यु

समाज संवाददाता

हेटौँडाः काभ्रेपलाञ्चोक बनेपा नगरपालिका–१३ मा निसान गाडीले ठक्कर दिँदा एकजना पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा काभ्रेपलाञ्चोक तिमाल गाउँपालिका–९ घर भई हाल नासिका मन्दिर नजिकै डेरा गरी बस्ने ७० वर्षीय छेवाङ तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मंगलबार साँगाबाट बनेपा जाँदै गरेको बा ४ ख ४२९४ नम्बरको निसान गाडीले ठक्कर दिँदा तामाङ गम्भीर घाइते भएका थिए । घाइते तामाङलाई उपचारका लागि शिर मेमोरियल अस्पताल बनेपा लगिएकोमा ८ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# रुखको हाँगाले लागेर मृत्यु

समाज संवाददाता

हेटौँडाः सिन्धुली जिल्लाको कमलामाई नगरपालिका–७, गढौलीमा रुखको हाँगाले लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुने ६९ वर्षीय मान बहादुर लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । मंगलबार बिहान ७ बजेको समयमा घरबाट डेढ किलोमिटर पूर्वतर्फ रहेको वनमा रुख ढाल्ने क्रममा हाँगाले लाग्दा लामा घाइते भएका थिए । घाइते लामालाई उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# सुमो दुर्घटनामा ९ जना घाइते

समाज संवाददाता

हेटौँडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा टाटा सुमो दुर्घटना हुँदा ९ जना घाइते भएका छन् । बुधबार करिब साढे सात बजेको समयमा भीमफेदी कुलेखानी काठमाडौं सडकखण्डको इन्द्रसरोवर–२, बतासेमा सुमो दुर्घटना भएको हो ।

हेटौंडाबाट काठमाडौं जाँदै गरको ना १ ज १७६४ नम्बरको सुमो आफैं अनियन्त्रित भई सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनाको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरी निरीक्षक प्रतिमा कार्कीको नेतृत्वमा प्रहरी टोली खटिएको थियो ।

घटनामा हेटौंडा–३ बस्ने २३ वर्षीय सुमो चालक बुद्ध रुम्बा सामान्य घाइते भएका छन् । सुमोमा यात्रा गरिरहेका हेटौंडा–३ कै २४ वर्षीय इसाख मोक्तान, कैलाश–९ बस्ने ३० वर्षीय भीमबहादुर मोक्तान घाइते भएका छन् । यस्तै, सुमोमा सवार हेटौडा–१८ बस्ने १८ वर्षीय सुमन घलान, बाराको नितनपुर–१० बस्ने २२ वर्षीय करण पटेल र रामजित राउत, काठमाडौं बस्ने २५ वर्षीया बिमला तामाङ पनि घाइते भएका छन् । अन्य दुई जना घाइतेलाई प्रहरी पुग्नुअघि नै उपचारका लागि काठमाडौं लगिएको प्रहरीले जानकारी दिएको छ ।

घाइतेहरुको अवस्था सामान्य रहेको र सुमो चालक प्रहरी नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

# मानवसेवा आश्रमलाई १३ बोरा आलु सहयोग



मानवसेवा आश्रमका अभियन्ता आलु ल्याउँदै ।

समाज संवाददाता

हेटौँडाः मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाका व्यवसायीले १३ बोरा आलु उपलब्ध गराएका छन् । नेपाल फलफूल तथा तरकारी व्यवसायी संघले व्यवसायीहरुमार्फत १३ बोरा आलु संकलन गरी उपलब्ध गराएको हो ।

व्यवसायी राजु कार्की, सुरेन्द्र मान प्रधान, केदार कार्की, केदार प्रधान, नवराज बिष्ट, सुकदेव रायमाझी, सहदेभ लामा, हर्क तामाङ, बिक्रम बिष्ट, रमेश लामिछाने र ज्ञानेन्द्र अधिकारीले आश्रमलाई आलु उपलब्ध गराएको हो । मानवसेवा आश्रम नागरिकस्तरबाट प्राप्त हुने यस्तै सहयोगबाट सञ्चालित संस्था हो ।

सरकारी निकायबाट मानवसेवा आश्रमले भवन निर्माणमा ठूलो सहयोग प्राप्त गर्दै आएको छ ।

# अझै ५ दिन गर्मी बढ्ने अनुमान

काठमाडौंः देशभर बढ्दो गर्मी तत्काल रोकिने संकेत नरहेको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले बुधबार विशेष बुलेटिन सार्वजनिक गर्दै तराईका भूभागमा आगामी पाँच दिनसम्म तातो हावा तथा लु लाग्ने सम्भावना रहेको भन्दै अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्किन सुझावसमेत दिएको छ ।

महाशाखाका अनुसार अधिकतम र न्यूनतम तापक्रम क्रमिकरुपमा बढ्ने हुँदा तराई मधेशका जिल्लाहरुमा तातो हावा तथा लूको सम्भावना छ । त्यसैले त्यसबाट बच्न सतर्कता अपनाउन जरुरी छ । महाशाखाका मौसमविद गोविन्द झाका अनुसार हालको तल्लो र उपल्लो वायुमण्डलको अध्ययन गर्दा तत्काल मनसुन भित्रिने सम्भावना छैन र तराई, पहाड तथा खोंचहरुमा समेत अझै तापक्रम वृद्धि हुने पूर्वानुमान छ ।

बुधबार सबैभन्दा बढी गर्मी नवलपुरको दुम्कौलीमा महसुस भएको छ । दुम्कौलीमा बुधबार अधिकतम तापक्रम ४३.८ डिग्री सेल्सियस मापन गरिएको छ । दुम्कौलीको अधिकत तापक्रम जेठ २२ गते पनि ४३.८ डिग्री सेल्सियस थियो । यस्तै,



जेठ १८ गते रौतहटको गौरमा ४३.८ डिग्री सेल्सियस तापक्रम मापन भएको थियो ।

तराई मधेशका अधिकांश जिल्लामा अत्यधिक गर्मीले जनजीवन प्रभावित भएको छ । पूर्व, मध्य र पश्चिम तराईका जिल्लामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा पनि माथि पुगेको रेकर्ड छ । गर्मी अत्यधिक बढेपछि तराई मधेशका जिल्लाहरुमा विद्यालय बन्द गरिएको छ ।

यसअघि नै जल तथा मौसम विज्ञान विभागले यस वर्ष सरदरभन्दा बढी गर्मी हुने र मनसुन अवधिमा कम पानी पर्ने प्रक्षेपण सार्वजनिक गरेको थियो । विभाग मातहतको महाशाखाले बुधबार विशेष बुलेटिन जारी गर्दै बढ्दो गर्मीका कारण मानव स्वास्थ्यमा पर्नसक्ने असर र त्यसबाट जोगिने उपायहरुसमेत सुझाएको छ ।

बुलेटिनमा लेखिएअनुसार तातो हावा तथा लुबाट थकाइ लाग्ने, तीर्खा बढी लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर लाग्ने, बेहोस् हुने, पांसपेशीहरु दुख्ने, बान्ता हुने आदि लक्षण देखिन्छन् । यस्ता लक्षण देखिए स्वास्थ्य संस्था जान वा स्वास्थ्यकर्मीको परामर्श लिन महाशाखाले सुझाएको छ । गर्मीको बेला घर बाहिर ननिस्कन, बाहिर निस्किनै परे टाउको छोप्न, पटक–पटक पानी वा झोल पदार्थ प्रशस्त पिउन र हल्का खालका सुतीका कपडा लगाउन पनि सुझाव दिइएको छ । (स्रोतः अनलाइनखबर)

# स्याङ्तान मृत फेला

हेटौंडाः हेटौंडा–१९, बुद्धचोक बस्ने कुमार स्याङ्तान मृत फेला परेका छन् । बुधबार करिब ४ बजेको समयमा स्याङ्तान आफ्नै घरदेखि करिब ८ सयम मिटर पूर्व जंगलमा मृत फेला परेको प्रहरीले जनाएको छ ।

जलेश्वर सामुदायिक वनमा सालको रुख काट्ने क्रममा करिब २० मिटर तल खोल्सामा खसेर स्याङ्तान मृत अवस्थामा रहेको जानकारी प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेको थियो । इलाका प्रहरी कार्यालय नेवारपानीबाट प्रहरी नायब निरीक्षक भीमप्रसाद दुलालको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको बताइएको छ ।

घटनाको थप अनुसन्धान तथा मुचुल्काका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी निरीक्षक रामचन्द्र घिमिरेको नेतृत्वमा थप प्रहरी खटिएको प्रहरीले जानकारी दिएको छ ।

# ग्रेस इन्टरनेशनलको प्रवर्द्धनात्मक कार्यक्रम

समाज संवाददाता

हेटौँडाः उच्च शिक्षा अध्ययनका लागि युरोप र अष्ट्रेलिया जान चाहने विद्यार्थीका लागि आवश्यक परामर्श तथा विश्वविद्यालयसँग समन्वय गरिदिने ग्रेस इन्टरनेशनलले हेटौँडामा बुधबार प्रवर्द्धनात्मक कार्यक्रम गरेको छ । ग्रेस इन्टरनेशनलले पूर्वको बिर्तामोडबाट सुरु भएको प्रवर्द्धन यात्रा देशका प्रमुख सहर हरुमा सञ्चालन गर्दै बुटवलमा पुगेर समापन हुनेछ ।

बुधबार हेटौँडामा एक सय ५० भन्दा बढी विद्यार्थीको उपस्थितिमा ग्रेसका अधिकारीहरुले विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि युरोप, अष्ट्रेलिया जान चाहने विद्यार्थीका लागि गरिने सहजीकरणका बारेमा जानकारी गराइएको थियो । ग्रेस इन्टरनेशनलको हेटौँडा शाखाका सञ्चालक उत्तम अर्यालले उच्च शिक्षा अध्ययनका लागि युरोप र अष्ट्रेलिया जान चाहने विद्यार्थीका लागि आधारभूत जानकारी गराउने उद्देश्यले हेटौँडामा कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

सन् २००६ मा काठमाडौंमा स्थापना भएको ग्रेस इन्टरनेशनलको हेटौँडा शाखा २०१६ सालदेखि सञ्चालनमा आएको हो । अष्ट्रेलियासँगै क्यानडा, बेलायत र न्युजिल्याण्ड जान चाहने विद्यार्थी हेटौँडामा धेरै रहेको अर्याल बताउनुहुन्छ । स्नातक र स्नातकोत्तर तहमा अध्ययनका लागि युरोप र अष्ट्रेलिया जान चाहने विद्यार्थीका लागि सवै प्रक्रिया पूरा गरेर छिटोमा एक महिनामा गन्तव्य मुलुक पुऱ्याउन सकिने अर्यालको भनाइ छ ।

# मापदण्ड पुगेका पत्रकारलाई सदस्यता दिन आग्रह

समाज संवाददाता

हेटौँडाः नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरले मापदण्ड पुगेका पत्रकारलाई सदस्य हुनबाट वञ्चित नगराउन आग्रह गरेको छ । नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरणको क्रममा मापदण्ड पुगेका पत्रकारलाई सदस्यता दिन फोनिजले आग्रह गरेको हो ।

फोनिज मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै नेपाल पत्रकार महासंघको सदस्यता मापदण्ड पुगेका पत्रकारलाई विनाशर्त सदस्यता दिन र मापदण्ड नपुगेका कुनैपनि पत्रकारलाई सदस्यता नदिन आग्रह गर्नुभएको छ । पत्रकार महासंघले देशैभर सञ्चालन गरिरहेको सदस्यता शुद्धीकरण अभियानप्रति फोनिज मकवानपुरले धन्यवाद दिएको छ ।

विज्ञप्तिमा भनिएको छ– 'गर्विलो इतिहास बोकेको नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरणको क्रममा मापदण्ड पुगेका आदिवासी जनजातिलगायत कुनैपनि पत्रकारलाई नेपाल पत्रकार महासंघको सदस्य हुनबाट बञ्चित नगराउन तथा मापदण्डविपरित कुनैपनि पत्रकारलाई सदस्यता प्रदान नगर्न नेपाल पत्रकार महासंघको जिल्ला शाखा मकवानपुर, बागमती प्रदेश समिति र संघीय (केन्द्रीय) समितिलाई फोनिज मकवानपुर हार्दिक आग्रह गर्दछौं ।'

**मूख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रमसम्बन्धी सूचना**

नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम, उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न स्वास्थ्य परीक्षण गर्ने र आवश्यक सल्लाह सुझाव तथा सेवा उपलब्ध गराउने तथा नसर्ने रोग रोकथाम सम्बन्धी समुदायस्तरमा चेतना अभिवृद्धि गरी रोगको जोखिम न्यूनीकरण गर्ने उद्धेश्यले बागमती प्रदेशमा मूख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम लागु गरिएको छ ।

गरिब, विपन्न, लोपोन्मुख तथा अल्पसंख्यक जाति, सहीद तथा बेपत्ता परिवार र सशस्त्र द्वन्दका घाइते व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका र लोकतान्त्रिक आन्दोलनका घाइते व्यक्तिलाई यस कार्यक्रमअन्तर्गत तोकिएको सेवामा निःशुल्क उपचारको व्यवस्था गरिएको छ ।

बाँकी अन्य सर्वसाधारणको लागि यस कार्यक्रमअन्तर्गत तोकिएको सेवामा २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७–५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा–१, ब्लडबैंकअगाडि

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ